दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
वर्ष ३७ | अंक ९४ | बुटवल | २०८१ चैत १८, गते सोमबार | नेपाल संवत ११४५ | Monday Mar. 31, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# रवीन्द्र र धवलमाथि राज्यविरुद्धको कसुरमा मुद्दा



**लुम्बिनी संवाददाता**
*बुटवल*

चैत १५ को काठमाडौं तीनकुने घटनामा जिल्ला अदालत काठमाडौंले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद धवलशमशेर जबरा र वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई पाँच दिन थुनामा राख्न अनुमति लिएको छ ।

उनीहरू पक्राउ परेको दिनदेखि नै त्यो अवधि गणना हुनेछ । अदालतले दिएको अनुमतिअनुसार प्रहरीले अब उनीहरुलाई कम्तीमा मंगलबारसम्म थुनामा राख्न पाउनेछ ।

तीनकुने घटनामाथि अनुसन्धान गरिरहेको प्रहरीले मिश्र, जबरालगायत ११ जनालाई राज्यविरुद्धको अपराधको आरोपमा मुद्दा चलाएको हो ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंका प्रमुख रामहरि शर्मा काफ्लेका अनुसार, उनीहरूमाथि प्रारम्भिक अनुसन्धानपछि राज्यविरुद्धको कसुर आकर्षित हुने देखिएकाले त्यसमा म्याद थप गर्ने तयारी भइरहेको हो ।

ती बाहेक अरु ३१ जनालाई आपराधिक उपद्रव र संगठित अपराधको अभियोगमा म्याद थप्न अदालतमा पेश गरिएको उनले बताए । जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख अपिलराज बोहराका अनुसार, घटनामा संलग्नहरूका बारेमा सरोकारवालाहरूसँग जाहेरी र अरु सूचनाका लागि सार्वजनिक आह्वान भएको छ ।

प्रहरीले करिब एक सय जनाको हाराहारीमा पक्राउ गरेपछि अहिलेका लागि ४२ जनालाई मात्रै अदालतमा पेस गरेर अनुसन्धानको प्रक्रिया अघि बढाएको छ। पक्राउ परेका स्वागत नेपाललगायतहरुलाई भने प्रहरीले हाजिरी जमानीमा छाडेको छ ।

## राजावादीहरू हिंसा भड्काउने योजनामा : प्रधानमन्त्री

प्रधानमन्त्री केपी शर्मा ओलीले हिंसा भड्काउने योजनासहित राजावादीहरु सडकमा निस्किएको बताएका छन् ।

एमाले सचिवालय बैठकमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीले योजनाबद्ध रुपमै राजावादीहरुले हिंसा भड्काउन खोजेको बताएका हुन् । 'उनीहरुको (राजावादीहरुको) नियत नै गलछ । हिंसा भड्काउने योजना गरेरै आएका छन् ।'-प्रधानमन्त्री ओलीले भनेका छन् ।

तर हिंसात्मक गतिविधिका दोषीहरुमाथि कानुन बमोजिम कार्बाही हुने प्रधानमन्त्री ओलीले बताएका छन् । 'अराजकता र अस्थिरता निम्त्याउन खोजिंदैछ । लोकतन्त्र र संविधानलाई उल्लघन गर्ने मनसाय छ,' बैठकमा प्रधानमन्त्रीले भने-'हामीले लोकतन्त्रको पक्षमा काम गर्नुपर्छ, अराजक गतिविधि कानुन बमोजिम नियन्त्रण हुन्छ ।'

## तीनकुने घटनाका दोषीलाई कारबाही गर्न एमालेको माग




बुटवल । सत्तारुढ दल नेकपा एमालेले तीनकुने घटनाका दोषीलाई कारबाही गर्न सरकारसँग माग गरेको छ। केन्द्रीय कार्यालय च्यासलमा बसेको सचिवालय बैठकले तीनकुने घटनाका दोषीमाथि तत्काल कारबाही प्रक्रिया अगाडि बढाउन माग गरेको छ ।

'मुलुकको लोकतान्त्रिक प्रणालीलाई बिथोलेर अराजकतातिर धकेल्ने जस्ता अराजक र आपराधिक क्रियाकलापको छानबिन गरी दोषी उपर तत्काल कार्बाहीको प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गर्दछ ।'-महासचिव शंकर पोखरेलले जारी गरेको वक्तव्यमा भनिएको छ ।

एमालेले राजावादीका नाममा त्यसदिन भएको घटनाप्रति निन्दा गरेको छ ।

'तीनकुने, कोटेश्वर र जडीबुटीलगायतका क्षेत्रमा अपराधिक समूहले देखाएको उद्दण्डता, अराजकता, तोडफोड, लुटपाट, हत्या र हिंसाका घटनालाई अत्यन्त गम्भीर रुपमा लिदै त्यसको निन्दा तथा भर्त्सना गरेको छ ।'-वक्तव्यमा भनिएको छ ।

एमालेले गणतन्त्र र संविधानको रक्षाका लागि उभिन दलहरु, नागरिक समाज र आम जनतासँग अपिल समेत गरेको छ ।

## नेप्से सीइओको नियुक्ति खारेज

बुटवल । नेपाल स्टक एक्स्चेन्ज (नेप्से) को प्रमुख कार्यकारी अधिकृत (सीइओ) मा नारद लुइँटेललाई नियुक्त गर्ने मन्त्रिपरिषद् निर्णय खारेज भएको छ ।

गत साता सोमबार बसेको मन्त्रिपरिषद् बैठकले लुइँटेललाई नेप्सेको सीइओ नियुक्त गर्ने निर्णय गरेको थियो ।

लुइँटेललाई सीइओ नियुक्त गर्ने निर्णय गरे पनि त्यो निर्णय मुख्यसचिवबाट प्रमाणित गरिएको थिएन । लुइँटेलका नाममा विभिन्न सूचना आएपछि निर्णय प्रमाणित नभएको अर्थ मन्त्रालय स्रोतले बताएको छ ।

उनीबारे आएका नयाँ सूचनाका आधारमा नियुक्ति दिन नहुने पक्षमा अर्थमन्त्री विष्णुप्रसाद पौडेल स्वयं देखिएपछि निर्णय प्रमाणित हुन नसकेको हो ।

मन्त्रिपरिषद् बैठकले 'सर्ट लिस्ट' मा परेकामध्ये अर्को व्यक्तिलाई सीइओ नियुक्त गर्ने सम्भावना रहेको स्रोतको भनाइ छ ।

लुइँटेलसहित चुडामणि चापागाईं, पूर्णप्रसाद आचार्य, बद्रीप्रसाद प्याकुरेल र हेमन्त बस्याल सर्ट लिस्टमा परेका थिए ।

# भर्चुअल संसारको खतरा: फेक अफरदेखि डिजिटल लुटसम्म

**लुम्बिनी प्रदेशमा चालु आर्थिक वर्ष २०८१/०८२ को ११ महिनामा ६२१ वटा साइबर अपराधका उजुरी दर्ता भएका छन् ।**



**फूलमाया सुनार**
*बुटवल,*

प्रविधिको विकासले विश्वलाई खुम्चयाएको छ । कुनै पनि मुलुकमा बसेर विश्व घटनालाई अध्ययन गर्न इन्टरनेटको विकाससँगै सहज भएको छ । यसको सदुपयोगले मानिसको दैनिकीलाई जती सहज बनाएको छ, दुरुपयोगले त्यती नै ठूला दुर्घटना पनि निम्तीएका छन् । प्रविधिको विकाससंगै अनलाइनठगीका शैलीहरु परिस्कृत हुँदै गएका छन् । पछिल्लो समय नेपालमा दैनिक यस्ता घटना बढ्दै गएको प्रहरीको तथ्यांक छ । सबैभन्दा धेरै सामाजिक सञ्जालबाट ठगिएका छन् ।

पछिलो समय अनलाइन ठगी बढेको छ । ठगहरुले अनलाइनलाई ठगीको माध्यम बनाएका छन् । फेसबुक, इन्स्टाग्राम, टेलिग्राम, ह्वाट्सएप, म्यासेन्जर, भाइबर तथा इमेललगायत गरी डिजिटल वालेट तथा बैंक तथा वित्तीय संस्थाबाट बोलेको भन्दै ठगी गर्ने गरेको पीडितहरुले बताएका छन् ।

अनलाइन ठगिका घटना बढेपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सीआइबीले विभिन्न समयमा विशेष सावधानी अपनाउन अनुरोधसहित सूचना जारी गर्ने गर्दछ । सीआइबीले भनेजस्तै अहिले नेपालको बैंकिङ्क प्रणाली डिजिटल माध्यमतर्फ रुपान्तरण हुँदै गर्दा प्रविधिको प्रयोग गरी हुने ठगीका घटनाहरु दिनप्रतिदिन बढ्न थालेको छ । प्रविधिको पहुँच बढ्दै गएको भए पनि बैंकिङ्क कारोबार अनि गोपनीयताजस्ता विषयबारे धेरै सर्वसाधारण जानकार नहुँदा ठगी गर्नेहरुको संख्या बढेको जानकारहरु बताउँछन् ।

चिठ्ठा परेको भन्दै सर्वसाधारणहरुको गोप्य विवरणहरु प्राप्त गर्ने र त्यसको दुरुपयोग गर्दै सम्बन्धित व्यक्तिको खाताबाट रकम हिनामिना गर्ने घटनाहरु धेरै भएका छन् । यस्ता ठगीबाट सबैभन्दा बढी प्रविधिबारे कम जानकार महिलाहरु परेका छन् । सामाजिक सञ्जालबाट साथी बनेर प्रेमको नाटक गर्ने, मोबाइल तथा कपडा किनिदिने, विभिन्न प्रलोभन देखाउने, विदेश पठाउनेजस्ता प्रलोभन देखाएर प्रलोभनमा पारेको तथ्यांक छ । प्रहरीको तथ्यांक हेर्ने हो भने अनलाइन ठगीमा महिलाहरु बढी ठगीमा पर्ने गरेका छन् । तर, धेरैजसो घटना प्रहरीमा उजुरी समेत गरेको पाइदैन ।

**प्रलोभनमा पारी ठगी गरेका केही घटना हेरौँ**

घटना १,

मिति २०८० साउन ४ गते एक अपरिचित मानिसले रुपन्देहीका ( नाम परिवर्तन अनिता थापा) सँग सामाजिक सञ्जाल म्यासेन्जरमा कुराकानी हुँदै गयो । निरन्तर कुराहुने क्रममा उनलाई उक्त अपरिचित व्यक्तिले म जापानमा बस्छु । म जापानको ठूलो व्यवसायिक मान्छे हो, म तिमीलाई विवाह गरी जापान ल्याउँछु भनेर प्रलोभनमा पारे ।

कुराकानीकै सिलसिलामा विश्वास दिलाएको र विवाह दर्तालगायतको प्रक्रिया गर्नुपर्छ, तिम्रो नाममा पैसा पठाइदिन्छु भनि खाता खोल्न लगाए । बैंक खाता खोलेपश्चात् सो मानिसले रुपन्देहीको तिलोत्तमामा बस्ने (नाम परिवर्तन हेमबहादुर राना) लाई जापान पठाउन भनी अनिता थापाको खातामा रकम हेमबहादुरलाई पठाउन लगाए । अनिताको खातामा १४ लाख ९० हजार पठाइदिए । त्यसपश्चात् विवाह दर्तालगायतको प्रकृयाको लागि भन्दै अनितालाई पोखरा बोलाए ।

» बाँकी ४ पेजमा



## सम्पादकीय

# तिलोत्तमा गोल्डकपको औचित्य स्थापित गरौं

नेपाली खेल जगतको पूरानो र प्रतिष्ठित तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको २३औं संस्करणमा उत्साह देखिन सकेन् । चैत ९ गतेदेखि १६ गतेसम्म भएको प्रतियोगितामा प्रतिष्ठित राष्ट्रिय टिम आउन रूची देखाएनन्, दर्शकको रोजाइमा पनि पर्न नसक्दा प्रतियोगिताको औचित्यमै प्रश्न उठेको छ।

खेलकुदले समाजमा आशा र उत्साह जगाउँछ । खेलाडी र दर्शकलाई अनुशासन र मर्यादामा बस्न सिकाउँछ। पछिल्ला वर्ष खेल पर्यटनको संभावना बढ्दै गएकाले तिलोत्तमा गोल्डकपमार्फत् बुटवलमा खेल पर्यटन प्रवर्द्धन गर्न सकिने संभावनालाई पटक्कै चासो देखाइएन् । तिलोत्तमा गोल्डकप बुटवलको प्रतिष्ठा हो, बुटवलको गौरव हो । बुटवलसँग जोडिएको यो प्रतियोगितालाई उप-महानगरपालिकाले बिगतदेखि नै अपनत्व लिएर सफल पार्न सहयोग गर्दै आएको भए पनि आयोजक रूपन्देही फुटबल संघले प्रतियोगितालाई भव्य पार्न यसपाली चुकेको छ । प्रतियोगिता सञ्चालन गर्ने जिम्मेवारी विगतदेखि नै रूपन्देही जिल्ला फुटबल संघले लिएकोले यो प्रतियोगिताको व्यवस्थापन गर्न फुटबल संघ किन चुक्यो ? उप-महानगरपालिकासहित विभिन्न व्यापारिक र औद्योगिक प्रतिष्ठान प्रतियोगिताको लागत व्यवस्थापनमा सहभागी भएकाले आर्थिक समस्या पनि थिएन । गोल्डकपका लागि उप-महानगरपालिकाले ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

अरु व्यापारिक प्रतिष्ठानले दिएको पैसा पनि पारदर्शी हुनुपर्छ । आम्दानी र खर्च सार्वजनिक गरेर आयोजनकले आफूलाई पारदर्शी बनाउनुपर्छ । पैसाको व्यवस्थापन एउटा पाटो हो, अर्को पाटो प्रतियोगितामा कस्ता टिम सहभागी हुन्छन् र दर्शकको उत्साह कत्तिको हुन्छ भन्ने महत्वपूर्ण हुन्छ।

तिलोत्तमा गोल्डकपको इतिहास स्वर्णीम छ, यही प्रतियोगिताबाट नै यहाँबाट धेरै आशालाग्दा खेलाडी उत्पादन भए। प्रतियोगिताको गौरवमय विगत जतिबेलासम्म जोगिनसक्छ, वर्तमानमा पनि यो प्रतियोगितालाई भव्य बनाउन अहोरात्र खटेर नतिजा निकाल्न सकिन्छ । फितलो प्रतियोगिता आयोजना गरेको र आयोजकले गौरवमय विगतलाई धुतीसाल बनाएको छ। अब कमजोरी समीक्षा गरी प्रतियोगितालाई भव्य बनाउने गरी योजना बनाउनुपर्छ।

बुटवलको पहिचान र प्रतिष्ठा जोडिएको प्रतियोगितालाई भव्य बनाउन उप-महानगरपालिकाले पनि मिहिन ढंगले चासो दिनुपर्छ । बजेट विनियोजन गरेर प्रतियोगितालाई सफल बनाउन सहयोग गरेको उपमहानगरपालिकाले अब बजेट मात्रै होइन्, बदलिदो परिवेशलाई ख्याल गरेर प्रतियोगिता भव्य बनाउन आयोजकले ध्यान दिएका छन् कि छैनन् भनेर निगरानी गर्न सक्छ। उपमहानगरपालिकाको खेलकुद विकास समिति क्रियाशिल रहेकोले त्यही समितिले अनुगमन र मार्गनिर्देशन गर्न सक्छ।

## गन्तव्यविहीन आन्दोलन

# टाइँ टाइँ फिस्स



झपेन्द्र जिसी

*आखिर २०६३ बैशाख ११ गते त नेपाल दरबार जनता समक्ष झुक्यो। जस अनुरुप २०६३ जेठ १५ गते जनताको नासो जनतालाई सुम्पे, अब म नागरिक भएर बस्न र बाँच्न चाहन्छु भने बमोजिम उनलाई तत्काल बसोबास गर्ने गुँडका रुपमा नागार्जुन दरबारमा दलहरुले व्यवस्था गरिदिएका हुन्। साँचो भन्ने हो भने राजतन्त्र राजा त्यस दिनदेखि मसान घाटमा पुगेकै हुन्, राजा र राजतन्त्रको दाहसंस्कार भएकै हो । दाहसंस्कार भएको वा भइसकेको राजतन्त्र पुनः व्यूँतिन खोज्नु विडम्बना नै हो। जनतालाई ज्ञानेन्द्रले ढाँट्नु नै हो । अब बेला आएजस्तो छ भन्दै चुरीफुरी गर्नु अदृश्य शक्तिले नेपाली जनतालाई तर्साउन खोजे जस्तै हो। मिति सकिएको दबाई जति खाए पनि महेन्द्रका छोरा ज्ञानेन्द्र व्यूँतिन सक्ने कुनै आधार देखिंदैन।*

पहिलेपहिले पत्रपत्रिकामा प्रायशः लेखिन्थ्यो, तर झण्डै ३ वर्ष पहिले बायाँ साइडमा पक्षघात भएपछि लेखन कार्य ७ महिनादेखि ठप्प नै गरेको थिएँ।

सुन्दैछु गुन्दैछु सत्तामा भत्तामा लठ्ठिन पाए रमाउने सबै काम ठीक भएको छ भन्ने सत्ताबाट बाहिर गएपछि उत्तेजित हुने र बर्बाद भयो भन्ने। कुशासन भयो भन्ने हाम्रो दलीय राजनीतिमा रह्यो। यो दुःखद पक्ष हो।

म सरकारमा बस्न पाए यो गर्थे, त्यो गर्थें मलाई हटाएपछि बर्बाद भयो । विकास निर्माण र सामाजिक रुपान्तरणको काम पनि रोकिए। सुशासनको चरो कता भुरुरुरु... उडेर गयो भनेर प्रतिपक्षले दमाहा बजाउँदै छ। यता सरकार पक्ष पनि के कम ! हामीले विकास र समृद्धिको रथ हाँकेकै छौं। तर प्रतिपक्ष अराजक भयो यस्तै यस्तै सत्ता पक्ष र प्रतिपक्षबिच जुहारी चलेको छ । जनता अलमलमा छन् । यतिसम्म नकारात्मक मनस्थिति बनेको छ कि कि यो सरकार रहनु भनेको समयको बर्बाद र देशको बर्बादी हो भन्न पनि पछाडि परेका छैनन्।

कथित बुद्धिजीवि विश्लेषक पनि के कम ? यस खाले आलोचना र विरोध हुनु लोकतन्त्रको सौन्दर्य हो, दलीय लोकतान्त्रिक व्यवस्थामा आलोचना र विरोध हुनैपर्छ । सारतः एकले अर्कालाई नसुन्ने, नदेख्ने अवस्था सिर्जना भएको छ। यस्तो प्रवृत्तिलाई कसरी लोकतन्त्रको सौन्दर्य भन्ने ? बुझ्न गाह्रो भएको छ। नेपालमा निर्वाचित भएको सरकारले पाँच वर्ष कार्यकाल बिताएको इतिहास छैन । जहिले पनि सरकार ढलाउने र प्रधानमन्त्री र सरकार निर्माण गर्ने खेल्लो, फड्को, जालझेल, छक्का पञ्जा !

भन्छन् मेरो पार्टी सदाचारी, तेरो पार्टी र तैले चलाएको सरकार दुराचारी, भ्रष्टाचारी, विदेशी, दलाल !

हो, यसबिचमा कुन कुन प्रधानमन्त्रीको नेतृत्वमा चलेका सरकारले सुकार्य गरे र, कुन कुन सरकारले कुकार्य गरे । नराम्रा काम वा कुकार्यको एवम् राम्रा काम र सुकार्यको सूची बनाएर जनतालाई दिन जरुरी छ। आफूले वा आफ्नो सरकारको पालामा भएका राम्रा काम यति र कमजोरी यति रहे। फलाना मन्त्रीले यसो गर्दा गरेका कमजोरी यी यी हुन् भनेर सार्वजनिक गर्न अनिवार्य छ।

सामाजिक सञ्जालमा २०७९ को चुनावभन्दा पहिले छ्याप्छ्याप्ती लेखिए- अबको प्रधानमन्त्री हर्क साम्पाङ, बालेन, रवि लामिछाने, ज्ञानेन्द्र शाही, रवीन्द्र मिश्र, केपी शर्मा ओली, प्रचण्ड, शेरबहादुर देउवा, नेत्रविक्रम चन्द उपर्युक्त नामावली जोडेर २०८४ को निर्वाचनपछि पनि प्रधानमन्त्री को होला लेखिंदै आएका छन्। यसमा हर्क साम्पाङ, बालेन, ज्ञानेन्द्र शाही लेख्नेको संख्या पनि कम छैन।

यता धर्म निरपेक्षताको खारेजी र हिन्दु राज्यको घोषणा गर जस्ता विचार पनि सामाजिक सञ्जालमा देखिन्छन् । फेरि करिब करिब तिनै व्यक्तिले धराने हर्क साम्पाङको नेतृत्वमा दिनदहाडै झलमल घाम लागेको बेला धरानको चौरमा मन्द्रा बिच्छ्याएर गोरु काटेर बिलो लगाएको मात्र होइन, गाई गोरु काटेर खानु हाम्रो अधिकार हो, गोरु गाईको मासु हाम्रो खाद्य हो भनेर १० हात उफ्रेको पनि देखियो । जे गरे पनि हुने, जसो गरे पनि हुने त्यस्तो कार्यलाई लोकतन्त्रको सौन्दर्य भन्ने ! कस्तो अनुशासन हो ? छाडा प्रवृत्ति हो कि सभ्य प्रवृत्ति हो !

२०४६ सालको जनआन्दोलन, सहिदहरुको योद्धाहरुको त्याग, तपस्या, बलिदानले २०४६ सालमा बहुदलीय प्रजातन्त्रको स्थापना भएको हो । राजा वीरेन्द्र वा दरबारियाको अनुकपा निगाहाले बहुदलीय प्रजातन्त्र आएको थिएन।

लौ प्रजातन्त्र कम भयो ? अधिकार धेरै चाहिन्छ, भनेर हातहतियार समेत बोकेर २०५२ सालदेखि अर्को आन्दोलन उठ्यो । त्यो आन्दोलनमा जनताका छोराछोरीले धेरै सपना देखेका थिए । सुन्दर सपनाकै आधारमा उनीहरु आन्दोलनमा होमिए। यस क्रममा नेपाल आमाका १७ हजार छोराछोरीको ज्यान गयो। तर राजा र राजतन्त्रको भने उचेरा पनि गएको थिएन । तर जनता शान्ति चाहन्थे। नकाटिन र नमारिन चाहन्थे।

त्यसैले ०६२/०६३ मा विद्रोहीको पक्ष नेकपा एमाले नेपाली कांग्रेस जस्ता पार्टीहरु लोकतन्त्रको वहालीको नारा लगाएर मेची महाकालीमा नै सडक सडकमा उत्रे।

आखिर २०६३ बैशाख ११ गते त नेपाल दरबार जनता समक्ष झुक्यो। जस अनुरुप २०६३ जेठ १५ गते जनताको नासो जनतालाई सुम्पे, अब म नागरिक भएर बस्न र बाँच्न चाहन्छु भने बमोजिम उनलाई तत्काल बसोबास गर्ने गुँडका रुपमा नागार्जुन दरबारमा दलहरुले व्यवस्था गरिदिएका हुन्। साँचो भन्ने हो भने राजतन्त्र राजा त्यस दिनदेखि मसान घाटमा पुगेकै हुन्, राजा र राजतन्त्रको दाहसंस्कार भएकै हो। दाहसंस्कार भएको वा भइसकेको राजतन्त्र पुनः व्यूँतिन खोज्नु विडम्बना नै हो । जनतालाई ज्ञानेन्द्रले ढाँट्नु नै हो । अब बेला आएजस्तो छ भन्दै चुरीफुरी गर्नु अदृश्य शक्तिले नेपाली जनतालाई तर्साउन खोजे जस्तै हो। मिति सकिएको दबाई जति खाए पनि महेन्द्रका छोरा ज्ञानेन्द्र व्यूँतिन सक्ने कुनै आधार देखिंदैन । नारायणहिटीबाट नागार्जुन धपाइएका ज्ञानेन्द्रले बढी चुरीफुरी गर्दै गरे कुन आकाशको ग्रहमा वा पतालमा पुग्ने होलान् यो उनैले सोच्ने कुरा हो ! उनी उछुट्टिएको देख्न नपरे हुन्थ्यो।

यही बेला आफूलाई गद्दीमा राख्न भनी महेन्द्रका छोरा ज्ञानेन्द्रले केही आफ्ना शुण्डमुण्डलाई गणतन्त्रकाविरुद्ध सर्वसाधारण नागरिकका घरमा ढुंगामुढा गर्न लगाएर र राजतन्त्र जिन्दावाद, नारा लगाउँदै रमाए । कस्तो गजब आफैँले आफैँलाई जिन्दावाद भन्न लगाउने। नभनून् पनि किन र भाडाका टट्टु न हुन्।

यस क्रममा सञ्चारकर्मी एभिन्यूजका सुरेश रजक छतमा बसेर भिडियो लाइभ गर्दा गर्दै ज्ञानेन्द्र शाहका एजेन्टहरुबाट ढुंगा मुढा भयो । रजक त्यस घटनाबाट जोगिन सक्नु भएन । एउटा २९ वर्षीय युवा प्रतिभा सुरेश रजकको ज्यान गयो । यति मात्र होइन, कथित राजतन्त्रवादीको आन्दोलनमा प्रहारीको गोलीबाट सख्त घाइते भएका अर्का सविन महर्जनको अस्पताल पुर्‍याउँदा नपुर्‍याउँदै डाक्टरले मृत घोषणा गरे । यसरी नै अन्य ६/७ जनालाई टिचिङ र ट्रमासेन्टरमा उपचारार्थ भर्ना गरिएको र उनीहरुको अवस्था नाजुक भएको सुनिन्छ । अब घाइतेहरुको मृत्यु नभए हुन्थ्यो भनी मलगायत मानवतावादीले कामना गर्नु परम दायित्व हो।

यसरी प्रतिगमन आन्दोलनमा सूचना सम्प्रेषण गरिरहेका सुरेश रजक सहिद बने।

राजा बन्ने रहर जाग्यो भन्दैमा ज्ञानेन्द्रलाई राजा बनाउनु पर्ने कुनै कारण छैन। वंशीय राजतन्त्र त जमानाको कुरा हो । विश्वबाट राजतन्त्रको उन्मूलन भइरहेको यो घडीमा यो वा त्यो व्यक्ति राजा हुन सक्दैन।

२ सय ४० वर्षसम्म राशलीला गर्दै देशलाई टटंटाट बनाएको राजतन्त्रले नै हो। यो लेखकले यो लेखिरहँदा कोही फेरि जान्ने भएर बेबी किङ भनेर कोही आउन सक्छ। बेबी किङ न सेवी किङ ! अब त्यसको मिति सकिसकेको छ । कसैलाई बेबी किङ बनाउन पाए ब्रह्मलुट गरौंला भन्ने सुडमुडहरुको सपना साकार हुने छैन । यो कुरालाई नेपाली जनताले राम्ररी बुझिसकेका छन्। थोरै इतिहासतर्फ ध्यान खिच्न चाहे।

दखिन अर्थात् भारतमा गुप्त साम्राज्य थियो। गुप्त राजाहरु बौद्धमार्गी नै थिए। उनीहरुको सेनापति पुष्यमित्र सुङ थियो।

पुष्यमित्रलाई पनि राजा हुने मन लाग्यो । त्यसैले उसले बौद्धमार्गी राजाहरुलाई हटाएर आफैँ राजा भयो र पुनः हिन्दू धर्म ग्रहण गरेर नालन्दा विश्वविद्यालय तक्षशिला विश्वविद्यालय र हजारौं बौद्ध गुम्बा विहार र बौद्ध ग्रन्थ खरानी पार्ने रणनीतिक योजना थियो । इतिहास भन्छ- नालन्दा विश्वविद्यालयको भवन संरचना र अन्य बौद्ध विहार गुम्बाहरुमा आगलागी गरियो। ८ वर्षसम्म जलिरहे र खरानी बने।

त्यसै क्रममा पुष्यमित्रको प्रभाव, निर्देशनान केरला हिन्दू ब्राह्मण शंकाराचार्य र कुमारिल भट्टको हिन्दु सेनामेना ब्राह्मण लुम्बिनीमा प्रवेश गरी ८४००० बौद्धग्रन्थ खरानी पारेको इतिहास छ।

अन्त्यमा ज्ञानेन्द्र शाह कुनै शक्तिको प्रतीक र अभियन्ता होइनन्। उनी विष्णुका अवतार पनि होइनन् । यति मात्र होइन, कुनै राजा महाराजा भगवानको अवतार हुन सक्दैनन्। ढाँटेको कुरा काटे मिल्दैन। तर नेपाली सीधासाधा जनतालाई हिन्दु धर्मको मात चढाएर नेपालमा ज्ञानेन्द्रले उद्दण्डता मच्याउने दुष्प्रयत्न गरिरहेका छन् । उनले मुखले शान्ति प्रजातन्त्र र विकास भन्नुको अर्थ मुखमा राम राम बगलीमा छुरा हो। बुझ्न जरुरी छ।

राजा र कुण्डले मण्डलेहरुले शासन त गरेका हुन् । खोइ त किन देश समृद्ध भएन ?

राजा बन्न र बनाउने रहर बोकेकाहरुले व्यवसायिक घर भवन भत्काउने ! रक्सी वियर, माल सामान लुट्ने, मान्छे मार्ने र मराउने काम गरे।

राजावादीले वर्तमान गणतन्त्रवादी सरकारका विरुद्ध र गणतन्त्रवादी भनिएर चिनिएका प्रचण्ड नेतृत्वको दल, माधवकुमार नेतृत्वको दल र अन्य दलहरुले सरकारका विरुद्ध यही बेला आन्दोलन गरेर के गर्न खोजेको हो ? यसले कसलाई सहयोग पुर्‍याउँछ ?

यस्तो आन्दोलनले कथित राजावादीलाई सघाउँछ कि गणतन्त्रवादी र गणतन्त्र पक्षधरलाई ? परीक्षणको तुलामा राखेर तौलने बेला भएको छ । सरकार सञ्चालक पार्टी र सत्ताले पनि गणतन्त्रवादी को को हुन् तिनैलाई बेलैमा समन्वय गर्न वान्छनीय छ। गणतन्त्रवादी हौं भन्ने दलहरुले सौताको रीसले पोइको काखमा मुत्न खोज्नु हुँदैन। राजावादीको अराजक आन्दोलन मात्र होइन, अहिले राजावादीको प्रतिगामी आन्दोलन र गणतन्त्रवादीको सरकार विरोधी आन्दोलन त टाइँ टाइँ फिस्स भइसकेको छ।

# नेप्से परिसूचक २९ अङ्कले बढ्यो

काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्जमा एक दशमलव ११ प्रतिशतको वृद्धि देखिएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २९ दशमलव ८२ अङ्कले बढेर दुई हजार छ सय ९३ दशमलव १२ को बिन्दुमा कायम भएको हो ।

तीन सय २३ कम्पनीको एक करोड ५५ लाख ७२ हजार आठ सय ६२ कित्ता शेयर ७६ हजार तीन सय ५४ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ५६ करोड ८२ लाख २६ हजार एक सय ९७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

म्युचुअल फण्ड उप-समूहको उपसूचक शून्य दशमलव १५ र व्यापार समूह शून्य दशमलव २६ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। कारोबारमा वित्त समूह दुई दशमलव शून्य एक, लगानी दुई दशमलव १८ र अन्य समूह दुई दशमलव शून्य आठ प्रतिशतले बढेको छ।

बैंकिङ र वित्त समान शून्य दशमलव ८२, होटल तथा पर्यटन एक दशमलव ४१, जलविद्युत् एक दशमलव ५४, जीवन बिमा शून्य दशमलव ८५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५८, लघुवित्त शून्य दशमलव ६२ र निर्जीवन बिमा शून्य दशमलव ७८ प्रतिशतले बढेको छ।

जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी नौ दशमलव ९७ प्रतिशतले बढेको छ। सबैभन्दा बढी घट्नेमा प्रभु स्मार्ट फण्डको शेयर मूल्य पाँच दशमलव ७९ प्रतिशत रहेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ६९ करोड १९ लाख ७७ हजार चार सय ११ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी नेपाल इन्भेष्टमेन्ट मेगा बैंक प्रमोटर शेयर आठ लाख ५० हजार आठ सय नौ कित्ता किनबेच भएको छ।

# के हो जलबिन्दु, कसरी पहिचान गर्ने ?

डा.सञ्जीव भट्टराई

**जलबिन्दु परिचय**

जलबिन्दु आँखाको दृष्टि नशालाई दीर्घकालीन असर गर्ने समस्या हो । जसलाई दृष्टि चोर रोगका नामले पनि चिनिन्छ। यसलाई अंग्रेजीमा क्रोनिक अप्टिक न्युरोप्याथी भन्ने गरिन्छ।

आँखामा बढ्ने प्रेसरले दृष्टि नशालाई असर गर्छ । जसकारण त्यहाँको तन्तुहरु बढ्दै जाने गर्छ। जसले बिस्तारै दृष्टि नशा सुक्ने तथा दृष्टि क्षमता घट्दै जाने हुन्छ । त्यसकारण यसलाई अंग्रेजीमा साइलेन्ट किलर अफ भिजन पनि भन्ने गरिन्छ। सुरुवाती समयमा लक्षण बिना नै असर गर्ने भएकोले पनि यसलाई साइलेन्ट किलर अफ भिजन भनिएको हो। आँखाको दृष्टि क्षमतालाई धेरै घटाइसकेपछि मात्रै बिरामीलाई यस समस्या बारेमा थाहा हुने गर्छ।

दृष्टि क्षमतामा धेरै असर पुगेको अवस्थामा फर्काउन निकै कठिन हुन्छ। धेरै जस्तो जलबिन्दुमा आँखाको प्रेसर बढ्ने भएपनि केही जलबिन्दुमा आँखाको प्रेसर नबढ्ने पनि हुन्छ।

**जलबिन्दुका लक्षणहरु**

सुरुवाती अवस्थामा जलबिन्दुका लक्षणबारे बिरामीलाई थाहा हुँदैन। यद्यपि जलबिन्दुका केही लक्षणहरु निम्नानुसार छन्।

- मन्द गतिले आँखा र टाउको दुख्ने।
- कतिपय जलबिन्दुमा वाकवाकी हुने, तथा आकस्मिक रुपमा टाउको दुख्नु।
- दृष्टि धमिलो हुँदै जानु।
- बत्तीमा हेर्दा इन्द्रेणी रंग देख्नु।
- सवारी चलाउँदा नदेखेर ठोक्किनु।

**जलबिन्दु हुन सक्ने अवस्था**

जन्मजात रुपमा जलबिन्दुको समस्या एकदमै कमलाई हुने गर्छ। करिब १० हजार जनामध्ये एकलाई जलबिन्दुको समस्या आउन सक्छ। यदि परिवारमा कसैलाई जलबिन्दु भएको छ भने जलबिन्दु हुने सम्भावना बढी हुन्छ।

४० वर्ष उमेर पार भइसकेपछि धेरैलाई जलबिन्दु हुने सम्भावना बढ्छ । त्यस्तै मधुमेह तथा उच्च रक्तचापको समस्या भएकाहरुलाई जलबिन्दु हुने सम्भावना बढी हुन्छ।

स्टोराइड अर्थात् कडा खालका औषधि चलाएका कतिपयमा औषधिको असरले जलबिन्दुको समस्या हुनसक्छ। यदि आँखामा लागेको चोटपटकको समयमा नै उपचार हुन नसकेमा पनि जलबिन्दुको समस्या आउन सक्छ।

**नेपालमा जलबिन्दुको अवस्था**

सर्वेक्षण अनुसार नेपालमा १ प्रतिशत भन्दा बढीलाई जलबिन्दुको समस्या रहेको छ। विश्वको सन्दर्भमा भने ३ देखी ५ प्रतिशतलाई जलबिन्दुको समस्या रहेको अध्ययनले पत्ता लगाएको छ।

नेपालमा धेरैलाई सुरुवाती अवस्थामा जलबिन्दुको समस्याबारे थाहा हुँदैंन । उपचारका लागि आइपुग्दा सम्म आँखामा क्षति पुगिसकेको हुन्छ। नेपालमा हुने अन्धोपनाको दोस्रो कारणमा जलबिन्दु पर्छ।

**उपचार**

जलबिन्दुको उपचारका क्रममा गरिने विभिन्न परीक्षण मध्ये पहिलो आँखाको प्रेसर परीक्षण गरिन्छ । त्यस्तै ओसिटी परीक्षण पनि महत्वपुर्ण हुन्छ। समयमा नै उपचार गरी आँखाको प्रेसर बढ्न नदिएको अवस्थामा उपचारमा खासै समस्या हुँदैन।

उपचारका लागि बिरामी आइपुगेको अवस्था निको हुने अवस्था निर्भर रहन्छ । कुनै जलबिन्दुमा आँखाको प्रेसर घटाउनका लागि औषधि सेवन गर्नुपर्ने हुनसक्छ।

जलबिन्दुको प्रकारमा यसको निको हुने अवस्था निर्भर रहन्छ। कतियमा सामान्य औषधि उपचारले निको हुन्छ भने कतिपय प्रकारका जलबिन्दुको उपचारका लागि शल्यक्रिया समेत आवश्यक पर्न सक्छ। यद्यपि यसको उपचार आँखाको प्रेसरको मात्रा कतिले बढेको छ भन्नेमा निर्भर रहन्छ।

**जलबिन्दुबाट कसरी जोगिने ?**

- रक्तचाप बढ्न नदिने।
- मधुमेह हुनबाट जोगिने।
- जलबिन्दुको कुनै लक्षण देखिएमा चिकित्सकको सल्लाह लिने।
- आँखाामा चोटपटक लागेका बिरामीले नियमित आँखा परीक्षण गराउने।
- वर्षमा एक पटक जोसुकैले आँखा परीक्षण गराउने।

स्वास्थ्य खबरबाट

# शहीद बहुमुखी क्याम्पसको क्याम्पस सभा सम्पन्न




**बासुदेव ढकाल**
*रामपुर पाल्पा*

शहीद बहुमुखी क्याम्पसको क्याम्पस सभा सम्पन्न भएको छ । नयाँ क्याम्पस सञ्चालक समिति गठनका लागि शनिबार क्याम्पस सभाले क्याम्पसका अध्यक्ष नेत्र प्रसाद भट्टराइले क्याम्पसले ३ वर्षको अवधिमा प्राप्त गरेको उपलब्धिसहित महत्वपूर्ण कार्यसहित अध्यक्षको प्रतिवेदन र क्याम्पस प्रमुख मुरारीप्रसाद काफ्लेले क्याम्पस सभा र विधानले गरेको व्यवस्था, क्याम्पस अवस्था, प्रगति तथा आर्थिक प्रतिवेदन माथि छलफल गरी संशोधनसहित पारित गरेको छ । सभाले क्याम्पसका सह-प्रध्यापक सूर्यप्रसाद घिमिरेको संयोजकत्वमा ५ सदस्य निर्वाचन समिति गठन निर्वाचन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ।

शहीद बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष नेत्रप्रसाद भट्टराईको अध्यक्षतामा भएको सभामा क्याम्पस सभा लुम्बिनी प्रदेशसभा सदस्य एवं अर्थ, उद्योग तथा पर्यटन समितिका सभापति राजुप्रसाद श्रेष्ठले क्याम्पस सभाको उट्घाटन गर्दै रामपुर क्षेत्रको विकासको मुख्य आधार शिक्षा र स्वास्थ्य रहेको बताए ।

बढ्दो शहरीकरणका कारण कृषि क्षेत्र अघि बढाउने नसकिने अवस्था आएको बताउँदै उनले शिक्षा र स्वास्थ्य क्षेत्रलाई कसरी अघि बढाउन सकिन्छ भन्ने विषयमा गम्भीर हुनु आवश्यक रहेको बताए । उनले गण्डकी बेशी क्षेत्रको शैक्षिक धरोहरको रुपमा रहेको क्याम्पसको पूर्वाधार निर्माण जग्गा प्राप्ति नहुँदा समस्या भएको बताए।

रामपुर नगरपालिकाका कार्यवाहक नगरप्रमुख एवं रामपुर ७ का वडा अध्यक्ष दोवराज तिवारीले रामपुर नगर क्षेत्रमा जनसंख्या बढ्दै गए पनि युवा शक्ति पलायन हुने क्रम बढेको प्रति चिन्ता व्यक्त गरे। नगरपालिकाले क्याम्पसको उत्थानको लागि निरन्तर रुपमा सहयोग गर्दै आएको उनले बताए।

कार्यक्रममा नेपाली कांग्रेस रामपुरका नगर सचिव चिरञ्जीवि सिग्देल, नेकपा एमाले रामपुर नगर कमिटी अध्यक्ष लिलाबहादुर गाहा, नेकपा माओवादी केन्द्र लुम्बिनी प्रदेश सचिवालय सदस्य कमलराज भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टी रामपुरका अध्यक्ष अर्जुन श्रेष्ठ, एकिकृत समाजवादीका केन्द्रीय सल्लाहकार लेखनाथ पोखरेल, राष्ट्रिय जनमोर्चा रामपुरका नगर अध्यक्ष रामप्रसाद गैरे, क्याम्पस सञ्चालक समितिका पूर्व अध्यक्ष एवं संस्थापक देवराज ढकाल, रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्र प्रकाश ढकाल, रामपुर साना शहरी खानेपानी उपभोक्ता संस्थाका उपाध्यक्ष हजिल दिन मियाँ, स्वविवु सभापति राजन गौतमले शुभकामना मन्तव्य राखेका थिए।

क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष शुकदेव पोखरेलको स्वागतबाट सुरु भएको कार्यक्रममा सहभागीहरुलाई सहायक क्याम्पस प्रमुख त्रिविक्रम खनालले धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको सञ्चालन सह-प्रध्यापक सूर्यप्रसाद घिमिरेले गरेका थिए।

## कुवेरधामलाई पर्यटकीय गन्तव्य बनाइँदै

गलकोट (बागलुङ) । बागलुङ नगरपालिका-५ मालिका पञ्चासेमा रहेको कुवेरधामलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन पूर्वाधार निर्माणमा जोड दिइएको छ।

कुवेरले साधना गरेको र धनकुवेर नामकरण गरी धन संरक्षणको जिम्मा लगाइएको पञ्चासेमा अहिले धमाधम पूर्वाधार निर्माण भइरहेको छ । पौराणिक तथा धार्मिक महत्व बोकेर पनि ओझेल परेको कुवेरधामलाई हिमालयन बाबाको अगुवाइमा पूर्वाधार निर्माण, प्रचारप्रसारलगायतका काम अघि बढाइएको हो।

जगत्गुरु रामानुजाचार्य त्रिडण्डी स्वामी श्री हिमालयन बाबाका अनुसार, कुवेरले साधना गरेको मालिका मन्दिर क्षेत्र र कुवेरलाई धनकुवेरको नामकरण गरी धनको संरक्षणस्थलका रूपमा रहेको पञ्चासेमा कुवेरको ५४ फिट अग्लो मूर्तिसहित अन्य पूर्वाधार निर्माण गर्न योजना बनाइएको छ । धार्मिक हिसाबले अत्यन्तै महत्व बोकेको कुवेरधाममा ५४ फिट अग्लो कुवेरको मूर्ति निर्माण गर्ने लक्ष्यका साथ बागलुङ नगरपालिकाको सहयोगमा डिपिआर (विस्तृत आयोजना प्रतिवेदन) समेत निर्माण गरिएको छ।

गण्डकी प्रदेश सरकारको पर्यटन मन्त्रालयको रु १० लाखबाट कुवेरधाममा मन्दिरलगायत संरचना बनाउन थालिएको र कुवेरको मूर्ति, सिसमहल, जनकल्याण भवनलगायत धार्मिक संचना बनाउनका लागि रु नौ करोड ६४ लाखको गुरुयोजना तयार पारिएको हो। बागलुङ नगरपालिकाले रु तीन लाख खर्चेर पूर्वाधार निर्माणका लागि आवश्यक गुरुयोजना तयार पारेर हस्तान्तरण गरेको उपप्रमुख राजु खड्काले जानकारी दिए। म्याग्दीको बेनी नगरपालिका-५ स्थित पौलस्य पुलहआश्रममा जन्मेर बागलुङको मालिकामा साधन गरेको स्थानमा कुवेर शिला, मन्दिरलगायत स्थल थिए । धार्मिक ग्रन्धमा कुवेरले साधना गरेको स्थान तथा धनकुवेर नामकरण गरेको पञ्चासे रहेको र त्यो कुरा त्यहाँ भएको मन्दिर तथा पौराणिक वस्तुले प्रमाणित गर्ने हिमालयन बाबाको भनाइ छ।

पञ्चासेमा प्राचीन कुवेरधाम शिला र मन्दिर थियो। उक्त मन्दिरको अहिले जीर्णोद्वार भइरहेको छ। पाँच रोपनीमा कुवेरधामको संरचना बनाएर धार्मिक पर्यटक भित्र्याउने लक्ष्य लिइएको र बागलुङ नगरपालिकाले गुरुयोजना बनाउन सघाएको उपप्रमुख खड्काले बताए।

## प्रधानमन्त्री कप क्रिकेटको विजेतालाई १० लाख पुरस्कार

भैरहवा। प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि लगातार दोस्रोपटक नेपाल पुलिस क्लबले जितेको छ। शनिबार भैरहवामा भएको फाइनल खेलमा पुलिसले त्रिभुवन आर्मी क्लबलाई छ विकेटले हराउँदै उपाधि जितेको हो। यससँगै पुलिसले नगद रु १० लाखसहित आकर्षक ट्रफी हात पारेको छ।

उपविजेतामा सीमित त्रिभुवन आर्मी क्लबले नगद रु पाँच लाखसहित रनरअप ट्रफी पाएको नेपाल क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले जानकारी दिए । यसबाहेक अन्य थुप्रैले विभिन्न पुरस्कार जितेका छन्। प्रत्येक खेलमा म्यान अफ द म्याच घोषित हुनेले नगद रु पाँच हजार पाएका थिए भने प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यान गण्डकी प्रदेशका अर्जुन कुमाल घोषित भए। उनले नौ खेलमा तीन सय ७४ रन बनाए। सो क्रममा उनले एक शतकसहित ४२ वटा चौका र दुईवटा छक्का प्रहार गरेका थिए। उत्कृष्ट ब्याट्सम्यानका रूपमा उनले बजाजको एनएस-२०० मोडेलको मोटरसाइकल र मेडल प्राप्त गरेका छन्।


**नेपाल रेडक्रस सोसाइटी**
**रुपन्देही जिल्ला शाखा, सिद्धार्थनगर**

## शिलबन्दी कोटेशन आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति २०८१।१२।१८**

नेपाल रेडक्रस सोसाइटीको समन्वय एवं स्वीस रेडक्रसको सहयोगमा रुपन्देही जिल्ला शाखा अन्तरगर्त सैनामैना नगरपालिकामा सञ्चालित शहरी पूर्व तयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन **(SUPER)** परियोजना, रुपन्देही अन्तरगर्त टि-सर्ट, ज्याकेट, रेनकोट आवश्यक भएकाले इच्छुक ईजाजत प्राप्त सप्लायर्स, कम्पनी वा फर्मले सूचना प्रकाशन भएको मितिले ०७ दिनभित्र आफ्नो नवीकरण भएको फर्म दर्ता, मूल्य अभिबृद्धि कर प्रमाणपत्र र आ.ब. २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी शिलबन्दी कोटेशन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. प्राप्त कोटेशनहरु कोटेशन पेश गर्ने अन्तिम दिनको भोलि पल्ट दिनको १:०० बजे ने.रे.सो. रुपन्देही जिल्ला शाखामा खोलिने छ, खोलिने दिन विदा परेमा सो को भोलि पल्ट खोलिने छ।
२. कोटेशनदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी कोटेशन खोल्नका लागि बाधा पर्ने छैन।
३. म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखी पेश भएको कोटेशनहरु माथि कुनै कारवाही गरिने छैन।
४. छपाई गर्ने लोगो यस कार्यालयबाट उपलब्ध गराइने छ।
५. कोटेशनमा दर भाऊ प्रस्ट लेख्नु पर्ने छ।
६. कोटेशन स्वीकृत वा अस्वीकृत गर्ने लगायत सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखासंग सुरक्षित रहनेछ।
७. भुक्तानीमा नियमानुसारको अग्रिम कर कट्टी गरी भुक्तानी गरिने छ।

सामाग्री विवरण :

| S.N. | Name | Quantity | Specification |
|---|---|---|---|
| 1 | T-shirt | 15pcs | Cotton-polyester,short sleeve,Polo shirt |
| 2 | T-shirt | 15pcs | Cotton-polyester,long sleeve,Polo shirt |
| 3 | Jackect | 10pcs | Unisex,Good quality |
| 4 | Raincoat | 10pcs | Waterproof Febric |

**नेपाल रेडक्रस सोसाइटी**
**रुपन्देही जिल्ला शाखा**
**९८६७३८०३८३**



**Resunga Municipality**
**Office Of The Municipal Executive**
**Tamghas, Gulmi**

## Invitation for Online Bids

First Date of Publication: 31st Mar. 2025(2081-12-18)

1. Resunga Municipality has allocated funds towards the cost of Supply and intends to apply part of the funds to cover eligible payments under the following Contracts.
2. Bidding is open to all eligible bidders, Office of Resunga Municipality, Gulmi invites electronic bids from eligible bidders for the works under National Competitive Bidding.
3 Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Resunga Municipality, Gulmi, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should download the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp and submit through e-GP system upon payment of a non-refundable fee of NRs. 3000.0 NRs. till 30th Apr. 2025(2082-01-17) 12:00 hours. Bidder should deposit the cost of bidding document in the Rajaswa account as specified below:-

***Informationto deposit the cost of bidding document in Bank:***
Name of Bank: Rastriya Banijya Bank, Gulmi
Name of Office: Office of Municipal Executive, Resunga Municipality, Tamghas, Gulmi;
Cost of Bidding Document = NRs. 3000.00
Resunga Na. Pa.(Ga-1-1) Aantarik Rajaswa Account no.: 3010100301010002 (For Bid Document Fee)
Rajaswa Shirshak No:14229
Resunga Na. Pa. ( GA-3) Dharauti Account no.: 3010100303000002 (For Dharauti)

5. Pre-bid meeting shall be held at Office of Resunga Municipality, Gulmiat 20thApr. 2025 (2082-01-07) 11:00 hours.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 30th Apr. 2025 (2082-01-17) 12:00 hours. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 30th Apr. 2025 (2082-01-17) 13:00 hours at the Office of Resunga Municipality, Gulmi. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amount as shown in Table below which shall be valid for 30 days beyond the validity period of the bid. i.e. 120 days
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| S.N. | Contract ID | Description of Works | Estimated Amount (with VAT&PS) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|
| 1 | ORM-NCB-GUL-G-33-081/82 | Procurement and Supply of Sanitary Pad as per specifications to Resunga Municipality | 1405860.12 | 40000.00 |

Chief Administrative Officer



**शितगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ठाडा, अर्घाखाँची**
**लुम्बिनी प्रदेश नेपाल**
**ढुंगा, गिट्टी, वालुवा उत्खनन्, संकलन एवम् बिक्रीका लागि विद्युतीय**

## बोलपत्र आह्वान सम्बन्धी सूचना।

**( दोस्रो पटक प्रकाशित भएको मिति २०८१/१२/१८)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) को बुदा नं. (६), दफा ६४ को उपदफा १ (च), नेपाल सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७६, प्रारम्भिक बातावरणीय परीक्षण प्रतिवेदन, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमती र शितगंगा नगरपालिका नगरकार्यपालिकाको निर्णय अनुसार तोकिएका नदी खोलाहरुको स्वीकृत घाट/क्षेत्रहरुबाट निर्धारित मापदण्ड बमोजिम लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०८१ मा उल्लेखित दररेटमा तोकिएको स्थानबाट बिक्री गर्नुपर्ने भएकोले स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा यस सूचनामा उन्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही न्यूनतम ठेक अंकमा नघटने गरी तपशिलमा उल्लेखित अवधि सम्मको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक मूल्य अभिवृद्धि करमा दर्तावाला व्यवसायी/फर्महरुले बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रा.ब.बैंक ठाडा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३३८०१००३०१०१०००३ मा दाखिला गरी खरिद गर्नु पर्नेछ। बोलपत्र दाताले आफुले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको ५५ का दरले हुन आउने धरौटी रकम यस शितगंगा नगरपालिकाको नाममा रा.वा. बैंक, ठाडा शाखामा रहेको ३३८०१००३०३०१०००३ धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर संलग्न राखी वा राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कम्तीमा १२० दिनको म्याद भएको बैंक जमानत पत्र राखी निर्दिष्ट स्थानमा बोलपत्र दाताले सहिछाप गरी मिति २०८२।१।०२ गतेका दिन १२:०० बजे भित्र बोलपत्र पेश गरी सक्नु पर्नेछ। पेश हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ । शर्त, बन्देज तथा थप जानकारीको लागि नगरपालिकाको सूचना पाटी/ Websiteshitagangamun.gov.np मा हेर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**तपसील–:**

| सि. नं. | ठेक्का नं. आ.व.२०८१/०८२ | नदी/खोला तथा घाटको नाम | उत्खनन परिमाण (घ.मि.) | न्यूनतम ठेक्का अङ्क रु.(मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | उत्खनन् तथा बिक्री समयावधि (सम्झौता भएको मितिले) |
|---|---|---|---|---|---|---|
| १ | 49-SM/ R09/ NCB/2081/082 | रनसिङ खोला- बेलदमार पुच्छार देखि खारघाट गाँउको पुच्छार सम्मको क्षेत्र। | ८९०० | २५,२०,०००।- | ३००० | २०८२ जेष्ठ मसान्त सम्म |
| २ | 50-SM/ R10/ NCB/2081/082 | रनसिङ खोला- रागाकाटे देखि केराबारी सम्मको क्षेत्र | ९४०० | २६,६०,०००।- | ३००० | २०८२ जेष्ठ मसान्त सम्म |
| ३ | 52-SM/ R12/ NCB/2081/082 | कोन्द्रे खोला क्षेत्र | ८९०० | २५,२०,०००।- | ३००० | २०८२ जेष्ठ मसान्त सम्म |
| ४ | 58-SM/ R18/ SQ/2081/082 | शितगंगा खोला- खैरेनी दमारबोसी क्षेत्र | ३९६० | ८,४०,०००।- | १००० | २०८२ जेष्ठ मसान्त सम्म |
| ५ | 59-SM/ R19/ SQ/2081/082 | झिमरुक खोला-बमसाघर देखि आँटिका फाट सम्मको क्षेत्र | १७०० | ३,६५,०००।- | १००० | २०८२ जेष्ठ मसान्त सम्म |
| ६ | 61-SM/ R21/ SQ/2081/082 | सिलिङ्ग खोला- ८ नं. क्षेत्र | १८८० | ५,३५,०००।- | १००० | २०८२ जेष्ठ मसान्त सम्म |
| ७ | 62-SM/ R22/ SQ/2081/082 | सिलिङ्ग खोला- ९ नं. क्षेत्र | २२०० | ६,२५,०००।- | १००० | २०८२ जेष्ठ मसान्त सम्म |
| ८ | 63-SM/ R23/ SQ/2081/082 | सुरही गनेरी खोला क्षेत्र | १३२० | ३,८०,०००।- | १००० | २०८२ जेष्ठ मसान्त सम्म |
| ९ | 65-SM/ R25/ SQ/2081/082 | पाँकुरी खोला- सेरा देविथान झोलुङ्गे पुल देखि सर्वाङ्ग पुच्छार क्षेत्र | २१९० | ४,७०,०००। | १००० | २०८२ जेष्ठ मसान्त सम्म |

प्रमुख प्रशासकीय अधिकृत



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सम्पर्क:
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# भर्चुअल संसारको खतराः फेक अफरदेखि डिजिटल लुटसम्म

» पृष्ठ १ बाट

त्यसपश्चात् उक्त मानिसले पैसा बैंकबाट निकाली एकजना अपरिचित व्यक्ति पैसा लिन आउँछ त्यही व्यक्तिलाई पैसा दिन लगाए । अनितालाई त्यो कुरामा सँका लाग्न थाल्यो उनले यसरी पैसा दिन नमानेपछि पैसा तनहुँको अमन थापाको नाममा पठाउन लगाए ।

अमन थापाको आमा मनकुमारी थापालाई उक्त व्यक्तिले छोरालाई जापान पठाउँछु भनी कुरा गरिरहेको थाहा पाएपश्चात् अमन थापाको नाममा सो पैसा गएपश्चात् अमनलाई पैसा निकाली पोखरा ल्याउन लगाए अमनले भने त्यो कुरा अस्वीकार गरेपश्चात् अमनको आमा मनकुमारीलाई छोरालाई विदेश पठाउन लाग्ने पैसा र १४ लाख ९० हजार समेत गरी रु २५ लाख रुपैयाँ रकम झापाको हरि खत्रीको नाममा पठाउन लगाए ।

सोही मानिसले मनकुमारी भतिजी सञ्जु थापामगरलाई पनि विवाह गरी जापान लैजान्छु भनी प्रलोभनमा पारे ।

हरि खत्रीलाई सो रकम सञ्जु थापाको खातामा पठाउन लगाए र सञ्जुलाई सो रकम निकालेर एक्लै पोखरा आउन भने । सञ्जुले दुई पटक गरी सो रकम बुझाइन् । सो रकम बुझेपछि उक्त व्यक्ति सबै सामाजिक सञ्जालबाट सम्पर्कविहीन भए । यस क्रममा सञ्जु, मनकुमारी, अनिता, हरि, अमन एकै पटक एकै जालोमा परेर ठगिए ।

**घटना २,**

रुपन्देहीको देवदहकी सीमा नेपाली नाम परिवर्तन एक अपरिचित माइकल नाम गरेको एक व्यक्तिले ह्वाटस्एपमा कुराकानी गर्न सुरु गर्दछन्, सीमाको वास्तीकता थाहा पाएपछि मैले सहयोग गर्ने बहानामा उपहार पठाएको छु भनी विभिन्न सुनका गरगहनाहरु मोबाइल घडी र डलर प्याकींग गरेको भिडियो देखाई सामान पठाएको छु, लोभ र भ्रममा पारी ठगी गर्ने अर्को मानिसकै अर्को साथीले म एयरपोर्टबाट हो, तपाईंको पार्सल आएको छ सामान सबै महँगो छ, यो सामान पठाउन कर तिर्नुपर्छ भनि १० लाख पठाउन लगाए र सीमा नेपाली ठगीन पुगिन् ।

**घटना ३**

रुपन्देहीकै देवदहका अञ्जना श्रेष्ठ नाम परिवर्तन उनी उमेरले ५० वर्षको भइन् । आफन्तसँग कुराकानी गर्न सामाजिक सञ्जाल ह्वाट्सअप खोलीन । त्यसै क्रममा उनलाई पनि अपरिचित एक व्यक्तिले म्योसेज पठाए । उनी पनि ठगिन पुगिन । उनी भन्छिन्-'आफन्तसँग कुराकानी गर्न खोलेको ह्वाट्सएपमा कुराकानी गर्दैगर्दा विभिन्न महँगो गहना मोबाइल, घडीलगायतका सामान पठाएको छु भनी फोटोहरु पठायो, मैले होला भनेर विश्वास गरें र म ठगिन पुगें ।' उनले अपरिचित व्यक्तिको कुरामा विश्वास गरेर विभिन्न उपहार पाउने आशा गर्छिन् । त्यसलाई पाउन कर तिर्नपर्छ भनि विभिन्न व्यक्तिको नाममा पैसा पठाउन लगाए, उनले पनि भने जस्तै गरी ६ लाख अन्जनाले प्रलोभनमा परि अपरिचित व्यक्तिको नाममा उक्त रकम पठाइन, त्यसपछि उक्त व्यक्ति संम्पर्कविहीन भएपछि बल्ल ठगिएको थाहा भयो र प्रहरीकोमा उजुरी गर्न पुगिन।

**घटना ४**

रुपन्देहीको बुटवलकी हरिकला गाहा नाम परिवर्तन उनी उमेरले ६१ वर्षको भइन् । उनको एक विदेशी नागरिकसँग सामाजिक सञ्जाल म्यासेन्जरमार्फत् कुरा हुन पुग्छ । उक्त विदेशी पुरुषले उनलाई विभिन्न किसिमका प्रलोभनमा पार्दछन् । कुराकानीकै क्रममा उनले विभिन्न उपहार पठाएको छु भनी विश्वास दिलाउँछन् । मिति २०८१ असार अन्तिमबाट हालसम्म गरी पटक पटक ४९ लाख रुपैयाँ पठाइन् र उक्त व्यक्ति सम्पर्कविहीन भएपछि बल्ल ठगीमा परेको थाहा पाएपछि प्रहरीकोमा पुगिन र उजुरी गरिन् ।

**घटना ५**

रुपन्देहीको सैनामैनाका पार्वती खड्का सामाजिक सञ्जाल इन्स्ट्राग्राममा एक विदेशी व्यक्तिसंग चिनजान गर्न पुग्छिन् । केही गर्नुपर्छ भनेर अवसर खोजिरहेकी पार्वती सामान्य चिनजानको व्यक्तिले नयाँ अनलाइन व्यवसायको प्रस्ताव ल्याउँछ, आधा आधा पैसा जम्मा गरी अनलाइन व्यवसाय गर्न भनि पैसा पठाउन लगाउँछ, अनलाइन व्यापार गरी जीवनयापन गर्ने सोँचकासाथ व्यापार फाइदाको प्रलोभनमा परी अपरिचित व्यक्तिलाई ९० हजार पठाइन्, पठाएलगत्तै उक्त व्यक्ति सम्पर्कविहीन भए । लगातार एक हप्तासम्म पनि सम्पर्क हुन सकेन, अनी पार्वतीलाई आफू ठगिएको थाहा पाइन् र प्रहरीकोमा पुगिन् ।

**घटना ६**

कपिलवस्तुका राधिका चौधरी वैदेशिक अध्ययनका लागि फिल्याण्ड जान तयारी गर्दै थिइन् । उनी विदेश जानकै लागि जग्गा धितोमा राखी बैंकबाट पैसा समेत निकालेर तयारी अन्तिम चरणमा थिइन् । त्यसैक्रममा सामाजिक सञ्जाल इन्स्ट्राग्राममा एक व्यक्तिसंग कुरा हुन पुग्छ, सामाजिक सञ्जालमार्फत् कुरा भएको व्यक्तिले इन्नोभेसन सपिङ्ग सेन्टर नामको पेजबाट पैसा २ राख्दा २ गुणा बढ्दै जाने भन्ने कुरा सुनाए, राधिकाले पनि त्यसो गर्दै गइन् र सानो सानो रकम बढ्दै पनि गयो, त्यसपछि उनलाई विश्वास हुँदै गयो । सानो सानो रकम बढ्दै गएबापत १५ लाख ६६ हजार खातामा राखिन ठूलो रकम पठाउनसाथ त्यो पेज नै हरायो उनी ठगिन पुगिन ।

**घटना ७**

रुपन्देहीका सीता परियार उनी २२ वर्षकी भइन् । उनी पढाइसँगै कामको खोजीमा थिइन् । खाली समयको सदुपयोग गर्न उनी सामाजिक सञ्जालमा समय व्यतित गर्न लागिन् । मिति २०८१ बैशाख ३ गते उनलाई सामाजिक सञ्जालमार्फत् अपरिचित व्यक्तिसँग कुरा हुँदा घरमै बसी बसी अनलाइन नोकरी गर्नुहोस् भन्ने म्योसेज आउँछ । आएको म्यासेजको आधारमा विश्वास गरी उक्त व्यक्तिले भने बमोजिम बैंक खाता खोल्छिन् र उनको खातामा पैसा आउन थालेपछि खातामा आएको रकम अरु खातामा पठाउन लगाइन्छ । र यसरी उनी पनि ठगिन पुगिन् ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङका प्रहरी नायव महानिरीक्षक दानबहादुर कार्की मूलतः पछिल्लो समयमा साइबर स्पेसको प्रयोग गरेर धेरै किसिमको अपराधहरु हुने गरेको जानकारी दिन्छन् । प्रविधिमा सचेत नबन्दा अनलाइन ठगीको जोखीम उच्च छ । सामाजिक सञ्जालमार्फत् यस्ता अनलाइन ठगीका घटना बढिरहेका छन् । उनले भने-'व्यापारको नाममा, ओटिपि मागेर गरिने ठगी, पैसा पठाउँदा डबल हुन्छ भन्ने नाममा ठगी, जागिर दिने, उपहार पठाउने, विदेशबाट सामान आउँदै छ यो ठाउँमा धरौटी तिर्न वा बुझाउन भन्दै विभिन्न बहानामा मोटो रकम असुल गरेको तर कुनै सामान नआएको घटना धेरै छन् ।' हालसम्म प्रहरी अनुसन्धानअनुसार यस्ता ठगी गर्नेहरु प्रायःजस्तो सीमापारी आधारित रहेको पाइएको छ । यस्ता घटनाहरु अनुसन्धान गर्दा धेरैजस्तो अपरेट गर्ने मान्छे भारतमा बसेर गरेको पाइएको छ । ठगी गर्नेहरुले ह्वाट्सएपजस्ता पत्ता लगाउन गाह्रो हुने माध्यमबाट संवाद गर्ने गर्दछन् । काम सकिएपछि ठगी गर्नेहरुले सामाजिक सञ्जालहरु पनि निष्क्रिय पार्ने गर्दछन् । कार्कीका अनुसार नेपालमा साइबर अपराधसम्बन्धी कारबाहीका लागि विद्युतीय कारोबार ऐन ,२०६३ लागू छ, साइबर अपराधमा संलग्न व्यक्तिलाई पाँच वर्षसम्म कैद वा एक लाख जरिवाना वा दुबै सजाय हुन सक्छ ।

प्रविधिको दुरुपयोग गरेर गरिने यस्ता ठगीका घटनाहरुमा एकै व्यक्तिबाट तुलनात्मक रुपमा ठुलो रकम असुली हुँदैन । अपराध अनुसन्धान महाशाखाका अनुसार ५० हजारदेखि १ लाख ५० हजारसम्मको ठगी यस्तो माध्यमबाट हुन्छ । तर फरक फरक व्यक्तिहरुलाई निसाना बनाइने हुँदा यस्तो रकम मासिकरुपमा डेढ करोडसम्म उठाइएको हुनसक्ने प्रहरीको अनुमान छ । अनलाइनमार्फत् हुने कारोबारको आकार तुलानात्मकरुपमा सानो हुने हुँदा पनि ठगी हुने रकम पनि सानै हुने वित्तीय संस्थाहरुको भनाइ छ ।

नेपाल प्रहरीको तथ्यांकअनुसार पछिल्लो पटक फेसबुक, म्यासेन्जरबाट सबैभन्दा बढी ६२ दशमलव ३ प्रतिशत मानिस ठगीमा पर्ने गरेको देखिएको छ । त्यस्तै फेसबुकबाट ६१ दशमलव २ प्रतिशत ठगी तथा हिंसा हुने गरेको छ । सामाजिक सञ्जाल ट्वीटरबाट १५ दशमलव ३ प्रतिशत र ह्वाट्सएपमा १२ दशमलव ८ प्रतिशत, भाइबरमा ११ दशमलव ७ प्रतिशत ठगीका घटना भैरहेको छ । यसैगरी इमेलमार्फत् ६ प्रतिशत र इन्स्टाग्राममार्फत् ४ दशमलव ६ प्रतिशत हिंसा र ठगी हुने गरेको प्रहरीको तथ्यांक छ ।

लुम्बिनी प्रदेशमा चालु आर्थिक वर्ष २०८१-०८२ को ११ महिनामा ६२१ वटा साइबर अपराधका उजुरी दर्ता भएका छन् । दर्ता भएकामध्ये सबैभन्दा धेरै रुपन्देहीमा १४७ र सबैभन्दा कम रुकुमपूर्वमा ७ उजुरी परेका छन् । त्यस्तै दाङमा १२७, नवलपरासीमा ५२ कपिलवस्तुमा ३८, गुल्मी २९, पाल्पा २०, अर्घखाँची १२, प्यूठान १०, रोल्पा १५, बाँके १७० र बर्दियामा ९४ उजुरी परेका छन् ।

यसैगरी २०८०-०८१ मा १ हजार ३७३ वटा उजुरी परेकामध्ये रुपन्देहीमा ४९२, बाँके ३३६, नवलपरासीमा ८२ ,कपिलवस्तु ५३, गुल्मी २५, पाल्पा ६८, अर्घाखाँची ५८ , दाङ १४९, प्यूठान ३४, रुकुम पूर्वमा ५, रोल्पा ४५, र बर्दियामा २५ वटा उजुरी परेका थिए ।

त्यस्तै आर्थिक वर्ष २०७९-०८० मा ६६२ वटा उजुरी परेका थिए । जसमा रुपन्देहीमा १२२ दाङ ११९, बाँके १८२ नवलपरासीमा ८६, कपलिवस्तुमा ३४, गुल्मी ५, पाल्पा २७,अर्घाखाँची २९, प्यूठान १६, रुकुम पूर्व ४, रोल्पा १४ र बर्दियामा २४ वटा उजुरी परेका थिए । त्यस्तैगरी लुम्बिनी प्रदेश प्रहरी कार्यालयका अनुसार अनलाइन ठगीका घटनामा वृद्धि भए पनि मुद्दादर्ता भने ८ वटा मात्रै मुद्दादर्ता भएको छ । आर्थिक वर्ष २०८१-०८२ मा रुपन्देहीमा २, कपिलवस्तुमा ५ र पाल्पामा १ मात्रै मुद्दा दर्ता भएको छ भने प्रहरीकोमा उजुरी भने दैनिकरुपमा सरदर ४०-५० को हारहारीमा उजुरी पर्ने गरेको इलाका कार्यालय बुटवलले जनाएको छ ।

आमसञ्चार माध्यम प्रयोगमा नागरिक सचेत नहुने हो भने नयाँ-नयाँ उपाय प्रयोग गरिँदा ठूलो समस्या भएको छ । एकै व्यक्तिले फरक फरक सामाजिक सञ्जालको प्रयोग गरेर ठगीका घटनामा संलग्न हुने गरेको देखिएको छ । सामाजिक सञ्जालको प्रयोगमा अपनाउनुपर्ने सुरक्षा तथा सावधानीको ज्ञान नहुँदा डिजिटल ठगीमा पर्नु परेको कम्प्युटर एशोसियशन नेपालका पूर्व अध्यक्ष नवराज कुँवरले बताए ।

# स्टेलर इन्टरनेशनलमा एजुकेसन एक्स्पो




बुटवल । उच्च शिक्षा अध्ययनका लागि विदेश जान विद्यार्थीलाई लक्षित गरी बुटवल मिलनचोकमा सञ्चालनमा आएको स्टेलर इन्टरनेशनल एजुकेशन प्रालि बुटवलको औपचारिक उद्घाटन तथा एजुकेशन एक्स्पो सम्पन्न भएको छ ।

प्रालिको उद्घाटन स्टेलर इन्टरनेशनल एजुकेशन तथा आरबीएस इन्टेलेक्ट नेपालका प्रबन्ध निर्देशक सुदिप केसी, न्यूजिल्यान्डका पूर्व-इमिग्रेशन अफिसर जानवी सहस्रबुद्ध, लिन्कन विश्वविद्यालयकी अन्तर्राष्ट्रिय निर्देशक एनी गोहलगायतले गरेका हुन् ।

उद्घाटनपछि आयोजित एक्स्पोमा करिब डेढ सय जना विद्यार्थीले भिजिट गरेको स्टेलर इन्टरनेशनल एजुकेशन प्रालि बुटवलका प्रबन्ध निर्देशक सूर्य रिजालले जानकारी दिए ।

एक्स्पोमा विद्यार्थीले न्यूजीलियान्ड, बेलायत, अस्ट्रेलिया, क्यानडा, अमेरिकालगायतका देशहरूमा अध्ययन गर्ने अवसरबारे विस्तृत जानकारी प्राप्त गरेको रिजालले बताए ।

उद्घाटनका अवसरमा संस्थाले मार्च ३० देखि अप्रिल ३० तारिखसम्म अफिस भिजिट गर्ने विद्यार्थीलाई तयारी कक्षा शुल्कमा ३३ प्रतिशत छुट दिने घोषणा गरेको छ ।

प्रालिका प्रबन्ध निर्देशक रिजालले अहिले सिंगो विश्व एउटै गाउँ जस्तो भइसकेकाले युवा पुस्ता विदेशका विश्व विद्यालयमा आफूले चाहेको विषय अध्ध्यन गर्न जाने कुरालाई सकारात्मकरुपमा हेर्नुपर्ने बताए ।

# नर्स पलायनले अस्पताल नर्सविहीन बन्ने खतरा



भैरहवा । नर्सिङ्ग पेशामा संलग्न नेपालका ६० प्रतिशत नर्स विदेश पलायन भएकोमा सरोकारवाला समूहले चिन्ता व्यक्त गरेको छ ।

अभिभावकको ठूलो लगानी र आफ्नै देशमा रोजगारी गर्ने सुन्दर भविष्यका साथ नर्सिङ्ग अध्ययन पूरा गरेर स्वदेशमा राम्रो अवसर नपाएपछि पछिल्लो समय नर्सिङ्ग पेशामा संलग्न नेपालका ६० प्रतिशत नर्स विदेश पलायन भएकोमा उनीहरुले चिन्ता व्यक्त गरेको हुन् ।

नर्सिङ्ग पेशामा लामो समय बिताएका नर्सहरुको समूह दक्ष नर्स विदेश पलायन हुनु विडम्बनापूर्ण भएको ठहर गरेको छ । पूर्व नर्सिङ्ग सेवा समूह रुपन्देहीका अध्यक्ष विष्णु गुरुङ्गले दक्ष नर्स विदेश पलायन हुँदा नेपालका अस्पताल नर्सविहीन हुने अवस्था आएको बताइन् । उनले दक्ष नर्स प्राविधिकलाई राज्यले उचित सम्मानका साथ स्वेदशमै प्रोत्साहन र हौसला दिनुपर्नेमा जोड दिइन् ।

लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको नर्सिङ्ग प्रमुख नेहा थापाले नर्सहरुको विदेश पलायनलाई राज्यले गम्भीर रुपमा लिनुपर्नेमा जोड दिँदै नर्स पलायन रोक्न नसके मुलुकले भविष्यमा ठूलो क्षति व्यहोर्नुपर्ने चेतावनी दिइन् ।

क्रिमसन अस्पताल, मणिग्रामकी एचओडी निरा न्यौपाने अर्याल, यूनिभर्सल कलेज अफ मेडिकल साइन्सेज (युसीएमएस) भैरहवाका मेडिकल सुपरीटेण्डेण्ट डा. सदन मुखी, सिद्धार्थनगर नगरपालिका वडा नम्बर ५ का वडाअध्यक्ष पुरनप्रसाद श्रेष्ठ, भीम अस्पताल भैरहवाकी प्रमुख (मेडिकल सुपरीटेण्डेण्ट) डा. शकुन्तला गुप्तालगायतले नर्सको समस्या समाधान गर्न सरकार गम्भीर बन्नुपर्नेमा जोड दिएका थिए ।

अहिले नेपालका अधिकांश स्वास्थ्य संस्थामा नर्सिङ्ग जनशक्ति कम छ । तलब सुविधा कम भएका कारण अधिकांश नर्सले बीचमै काम छाड्ने क्रम बढ्दो छ । एकातिर जागिर छाड्ने संख्या धेरै हुँदै जाने र नयाँ कर्मचारी माग गर्दा पनि फारम भर्नेको संख्या कम हुँदै जानु स्वास्थ्य क्षेत्रका लागि चिन्ताको विषय बनेको छ ।

नेपालमा नर्सिङ्ग जनशक्तिको अभाव हुनुमा कम उत्पादन र यसको जनशक्ति विदेश जानुलाई सरोकारवाला मुख्य कारण मान्छन् । यसलाई बुझ्न हरेक वर्ष उत्पादन हुने जनशक्ति र विदेश जानेहरुको तथ्यांक हेर्नुपर्ने हुन्छ । नर्सिङ्ग काउन्सीलको तथ्यांकअनुसार हालसम्म दर्ता भएका नर्सको संख्या १ लाख २१ हजार छ । तर, यी सबै जनशक्ति नेपालमा छैनन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अनुमानअनुसार अहिलेकै अवस्थामा पनि निजी र सरकारीमा गरी ६५ हजार नर्स जनशक्ति नेपालमा कार्यरत हुनुपर्ने अवस्था हो । तर, हाल १८ हजार सरकारी र ३२ हजार ५ सय निजी स्वास्थ्य संस्थामा कार्यरत गरी नर्सको संख्या ५० हजार ५ सय मात्र रहेको छ ।

स्वास्थ्य मन्त्रालयले ३ वर्ष अगाडि गरेको राष्ट्रिय मानव स्रोत रणनीतिक अध्ययन प्रतिवेदन अनुसार हाल सरकारी अस्पतालमा कार्यरत नर्सको संख्या १८ हजार छ । अध्ययनले सन् २०३० सम्ममा नेपालमा निजी र सरकारीमा गरी ८१ हजार नर्स चाहिने प्रक्षेपण गरेको छ । तर, यसै गरी नर्स विदेश पलायन भइरहने हो भने २०३० मा हाल कार्यरत रहेको भन्दा कम नर्स जनशक्ति हुने सरोकारवालाले चेतावनी दिएका छन् ।

नर्सिङ्ग जनशक्ति अभावको प्रमुख कारण उनीहरुको विदेश पलायन स्वास्थ्य मन्त्रालय नर्सिङ्ग महाशाखाका अनुसार विदेशिने नर्सको संख्या ठूलो छ । हरेक वर्ष १ हजारभन्दा बढी नर्स विदेशिने गरेका छन् । मन्त्रालयका अनुसार २०५९ हाल ०८१ कार्तिकसम्म ४३ हजार नर्स विदेश जान एनओसी लिएका छन् ।

एनओसी लिएकामध्ये ९० प्रतिशत नर्स विदेश पलायन भइसकेको र बाँकी १० प्रतिशत जाने तयारीमा रहेको नर्सिङ्ग महाशाखाले जनाएको छ । वैदेशिक रोजगार विभागको तथ्यांकलाई हेर्दा श्रम स्वीकृत नलिई विदेश जाने नर्सको संख्या उल्लेखनीय छ ।

तर, सीमित नर्सले मात्र श्रम स्वीकृति लिएर विदेश जाने गरेका छन् । आर्थिक वर्ष २०८०/०८१ मा श्रम स्वीकृति लिएर विदेश जाने नर्सको संख्या ७ सय ३४ छ । साउन यता मंसिरसम्म श्रम स्वीकृति लिएर २ सय ५ जना नर्स विदेश पलायन भएका छन् ।

विदेश जानेमध्ये सबैभन्दा धेरै नर्स युके, जापान, अष्ट्रेलिया, क्यानडालगायत देश पुग्ने गरेका छन् । त्यहाँ तलब, सुविधा राम्रो भएका कारण नेपालका नर्स ती देश पुग्ने गरेका छन् । त्यस्तै जर्मनी, अमेरिका, माल्दिभ्स, दुबई, साउदी अरब, कतारलगायत देशहरुमा पनि नर्स जाने गरेका छन् । वैदेशिक विभागका अनुसार नेपालबाट जापान, अष्ट्रेलिया, अमेरिका, क्यानडा लगायत देशमा जाने नर्सले मासिक २ देखि ५ लाखसम्म कमाउने गरेका छन् ।

नेपालमा भने नर्सको तलब ज्यादै न्यून छ । सर्टिफिकेट तथा स्नातक तहसम्म पढेका नर्सलाई १५ देखि ४० हजारसम्म तलब दिइने गरेको छ । सो भन्दा माथिल्लो शैक्षिक अनुभव र कार्यअनुभव भएका नर्सलाई ४५ देखि ७० हजारसम्म तलब दिने गरेको पाइएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# ढोरपाटनमा सुरु भयो सिकार याम



ढोरपाटन (बागलुङ) । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा यस वर्षको दोस्रो सिकार याम सुरु भएको छ । दोस्रो याममा १३ नाउर, १० झारल र १२ बँदेल गरी ३५ वन्यजन्तुको सिकार हुने भएको हो । वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागले गत माघ १५ गते सिकार गर्नका लागि बोलपत्र आह्वान गरेको थियो ।

दोस्रो याममा सिकार खेल्न हिमालयन वाइल्डलाइफ आउटफिर्टस प्रालि, ट्र्याक्स एण्ड ट्रेल्स प्रालि, हिमालयन सफारिज प्रालि, ग्लोबल सफारिज नेपाल, नेपाल ट्राभल एक्सपिडिसन र ओपन नेपाल वाइल्डलाइफ सफारिज गरी छवटा कम्पनीले अनुमति पाएका छन् । वन्यजन्तु तथा राष्ट्रिय निकुञ्ज विभागबाट अनुमति पाएका सिकारी ढोरपाटन सिकार आरक्षको विभिन्न ब्लकमा सिकार खेल्न आउन थालेका छन् ।

यही चैत २६ देखि सिकारी ढोरपाटन आउन थालेका ढोरपाटन सिकार आरक्ष कार्यालयका रेन्जर सागर सुवेदीले जानकारी दिए । दोस्रो याम (फागुन-बैशाख) का लागि आगामी बैशाख १६ गतेसम्म सिकारीले सिकार खेल्न पाउने छन् । अहिलेसम्म दुई नाउर मात्र सिकार भएको उनले बताए । रेन्जर सुवेदीका अनुसार हिमालयन वाइल्डलाइफ आउटफिर्टसले सिकारीमार्फत दुई नाउर र दुई बँदेल सिकार गर्न अनुमतिपत्र पाएको छ । यो कम्पनीले एउटा नाउर सिकार गरिसकेको रेन्जर सुवेदीले जानकारी दिए । उक्त नाउरको सिकार सुनदह ब्लकमा स्पेनका ७० वर्षीय मार्कोस ओलाइजोला अल्कोर्टाले गरेका हुन् ।

त्यसैगरी, ट्र्याक्स एण्ड ट्रेल्स प्रालिमार्फत् अमेरिकी सिकारीले दुई नाउर, दुई झारल र दुई बँदेल सिकार गर्ने अनुमति पाएका थिए । रेन्जर सुवेदीका अनुसार हिमालयन सफारिज प्रालिमार्फत तीन सिकारीले तीन नाउर र एक झारलका लागि अनमति पाएका छन् । ग्लोबल सफारिज नेपाल प्रालिमार्फत् दुई सिकारीले दुई नाउर, एक झारल र दुई बँदेलको सिकार गर्ने अनुमति पाएका छन् । उक्त कम्पनीले हालसम्म एउटा नाउर फागुने ब्लकमा सिकार गरेको उनले जानकारी दिए ।

नेपाल ट्राभल एक्सपिडिसन प्रालिमार्फत् तीन सिकारीले तीन नाउर, तीन झारल र तीन बँदेल सिकार गर्ने अनुमति पाएका छन् । यो कम्पनीबाट आएका सिकारीले हतियारमा समस्या आएपछि सिकार नगरी फर्किएको रेन्जर सुवेदी बताउँछन् ।

ओपन नेपाल वाइल्डलाइफ सफारी एण्ड ट्रेक्स प्रालिमार्फत् तीन सिकारीले एक नाउर, दुई झारल र तीन बँदेलको सिकार गर्न अनुमति पाएका छन् । यो सिकार याममा अमेरिका, अर्जेन्टिना, स्पेन र फ्रान्सबाट सिकारी आएको रेन्जर सुवेदीले जानकारी दिए । उनका अनुसार एउटा झारलको रु आठ लाख, नाउराको रु ६ लाख २५ हजार पाँच सय तोकिएको छ ।

यसपालि सुनदह, सेङ, भुस्तुङ, दोगाडी, फागुने, बार्से ब्लकमा सिकार भइरहेको ढोरपाटन सिकार आरक्षका प्रमुख संरक्षण अधिकृत चन्द्रशेखर चौधरीले जानकारी दिए । दोस्रो याममा रु एक करोड २६ लाख राजस्व सङ्कलन भएको उनले बताए । सिकारीले मारेको वन्यजन्तु लैजान पनि राजस्व तिर्नुपर्ने प्रावधान छ । ढोरपाटनमा हरेक वर्ष दुई याममा सिकार खुला हुन्छ । पहिलो (असोज-मङ्सिर) र दोस्रो (फागुन-बैशाख) मा सिकार खुला हुन्छ ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com